# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड:१०** **संख्या: ५६** **मिति:२०८३/०६/००**

**भाग: २**


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४

प्रमाणीकरण मितिः २०८३/०६/००

**प्रस्तावना:**

गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका बालबालिकाको सर्वांगीण विकास (शारीरिक, मानसिक, सामाजिक, र संवेगात्मक) का लागि अभिभावकहरूको भूमिकालाई सुदृढ बनाउन; बालबालिकाको प्रारम्भिक स्याहार, पोषण, संरक्षण, र जग निर्माणमा अभिभावकलाई ज्ञान, सीप र क्षमताले सुसज्जित गराउन तथा बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्दै विद्यालय र घरको वातावरणबीच सकारात्मक समन्वय कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु छ।

### परिच्छेद – १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"समिति"** भन्नाले दफा ७ बमोजिम गठित गाउँपालिका स्तरीय अभिभावक शिक्षा सञ्चालन तथा सहजीकरण समितिलाई सम्झनु पर्छ।

(घ) **"अभिभावक"** भन्नाले बालबालिकाको आमा, बुवा, हजुर आमा, हजुर बुबा, दाइदिदी, परिवारका सदस्यहरु, छिमेकी, नातेदार जसले बालबालिका हुर्काउने, खुवाउने, खेलाउने, सुताउने, स्याहार सुसार, पालन पोषण गर्ने, सुरक्षा दिने, संरक्षण गर्ने, परिपक्व बन्न सिकाउने, सिकाइ अवसर र शिक्षा दिने व्यक्ति सम्झनु पर्छ।

(ङ) **"अभिभावक शिक्षा"** भन्नाले आफ्नो शिशु, बालबालिकाको शारीरिक वृद्धि, व्यवहार, मनोभावना, बौद्धिक विकास लगायत उमेर तथा क्षमता अनुसार सिकाइ गर्न उचित स्याहार गर्ने ज्ञान, सीप र दक्षता अभिवृद्धि गराउने अनौपचारिक शिक्षालाई सम्झनु पर्छ ।

(च) **"सहजकर्ता"** भन्नाले अभिभावक शिक्षा कक्षा/सत्रहरू सञ्चालन गर्न तालिमप्राप्त वा सिकाई केन्द्र सहजकर्ता, प्रारम्भिक बालविकास (ECED) शिक्षक, स्वास्थ्य स्वयंसेविका, आधारभूत शिक्षक वा तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

(छ) **"शाखा"** भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

## परिच्छेद – २: उद्देश्य, महत्व तथा लक्षित समूह

**३. कार्यक्रमको उद्देश्य:** यस कार्यविधिको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहनेछन्:

क) बालबालिकाको सर्वांगीण विकासमा अभिभावकको भूमिका र जिम्मेवारीबारे सचेतना अभिवृद्धि गर्ने।

ख) प्रारम्भिक बाल्यावस्थाको महत्व र आवश्यकता प्रष्ट गर्ने ।

ग) प्रारम्भिक बालविकास (०-८ वर्ष) का लागि आवश्यक पोषण, स्वास्थ्य, सुरक्षा, र सकारात्मक पालनपोषण (Positive Parenting) सम्बन्धी व्यवहारिक सीप प्रदान गर्ने।

घ) बालबालिकालाई स्वास्थ्य, स्याहार र सरसफाई गर्ने सीप अभिवृद्धि गर्ने ।

ङ) उमेर अनुरुप उत्प्रेरणा तथा अन्तर्क्रिया गर्ने सीप प्रदान गर्ने ।

च) बालकेन्द्रीत क्रियाकलाप र खेल, खेलौनासहितको वातावरण उपलब्ध गर्न प्रतिवद्ध गराउने ।

छ) विद्यालय र घरबीचको सम्बन्ध सुदृढ गरी बालबालिकाको सिकाइ उपलब्धि बढाउने।

ज) बालविवाह, बालश्रम, र बालबालिकामाथि हुने हिंसा तथा दुर्व्यवहार अन्त्यका लागि सामाजिक सचेतना फैलाउने।

झ) विद्यालयको सिकाईमा सहयोग तथा प्रारम्भिक पढाइ लेखाइमा सहयोग गर्ने सीप प्रदान गर्ने ।

ञ) प्रारम्भिक बाल्यावस्थामा हेला, हिंसा, दुर्व्यहार, सजायबाट संरक्षण गर्ने सीप प्रदान गर्ने ।

ट) बालबालिकालाई बालविकास केन्द्र तथा विद्यालय तत्परताको लागि पूर्वतयारी गराउन सहयोग पुऱ्याउने ।

ठ) प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम तथा आधारभूत कक्षा १ ३ को क्रियाकलापमा संलग्नता अभिवृद्धि गर्ने ।

ड) डिजिटल प्रविधिको सही प्रयोग र यसका जोखिमबारे अभिभावकलाई सजग गराउने।

**४. अभिभावक शिक्षाको महत्त्व:**

क) दीर्घ जीवन को आधार बसाउन,

ख) सामाजिकीकरणको सीप विकास गर्न,

ग) भाषा विकास गर्न,

घ) जीवन उपयोगी सीप विकास गर्न,

ङ) अधिकतम मष्तिष्क विकास गर्न,

च) इन्द्रियहरुको क्षमताको अधिकतम विकास गर्न,

छ) शारीरिक बृद्धि र विकास हुन अवसर प्रदान गर्न,

ज) बालमृत्युदर र मातृमृत्युदर कम गर्न मद्दत पुर्याउन,

झ) सरुवा रोग, कुपोषण, दुर्घटना हुनबाट बचाउन ।




**५. लक्षित समूह:** यस कार्यक्रमका मुख्य लक्षित समूह देहाय बमोजिम हुनेछन्:

(क) गर्भवती महिला तथा ० देखि ८ वर्ष सम्मका बालबालिकाका अभिभावकहरू।

(ख) प्रारम्भिक बालविकास केन्द्र (ECED) र आधारभूत तहमा अध्ययनरत बालबालिकाका अभिभावकहरू।

(ग) सीमान्कृत, दलित, विपन्न, तथा विशेष आवश्यकता भएका (अपाङ्गता भएका) बालबालिकाका अभिभावकहरू।
(घ) बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी स्थानीय सरोकारवालाहरू।

## परिच्छेद – ३: कार्यक्रम सञ्चालन तथा ढाँचा

**६. अभिभावक शिक्षा कक्षा/सत्र सञ्चालन ढाँचा:**

(१) अभिभावक शिक्षा कार्यक्रम देहायका दुई ढाँचामा सञ्चालन गरिनेछ:

- **अनौपचारिक/समूहगत सत्र (सघन ढाँचा):** वडा वा टोल स्तरमा गठन गरिएका अभिभावक समूहहरूमा मासिक वा पाक्षिक रूपमा सञ्चालन हुने २ घण्टाको सत्र।
- **विद्यालयमा आधारित सत्र:** विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको समन्वयमा अभिभावक-शिक्षक बैठकका अवसरमा सञ्चालन गरिने विशेष सत्र।

(२) प्रत्येक समूहमा सामान्यतया १५ देखि २५ जनासम्म अभिभावकहरू सहभागी गराइनेछ।

**७. विषयवस्तु तथा पाठ्यक्रम:** अभिभावक शिक्षा कार्यक्रममा देहायका प्रमुख क्षेत्रहरू समावेश गरिनेछ:

- **बाल विकास र बाल मनोविज्ञान:** बालबालिकाको उमेर अनुसारको विकासका चरणहरू र आवश्यकता।
- **स्वास्थ्य, पोषण र स्वच्छता:** सन्तुलित आहार, व्यक्तिगत र वातावरणीय सरसफाइ, खोप र स्याहार।
- **सकारात्मक पालनपोषण:** कुटपिट वा सजाय बिनाको अनुशासन, माया, प्रोत्साहन र सकारात्मक सञ्चार।
- **सिकाइ र वातावरण:** घरमा पढ्ने र खेल्ने अनुकूल वातावरण सिर्जना, खेल सामाग्रीको प्रयोग।
- **बाल संरक्षण:** बाल अधिकार, बालविवाह रोकथाम, हिंसा र दुर्व्यवहारबाट सुरक्षा।
- **प्रविधि र सञ्चार:** मोबाइल, इन्टरनेट, र टेलिभिजनको मर्यादित प्रयोग।

## परिच्छेद – ४: समिति तथा संस्थागत संरचना

**८. गाउँपालिका स्तरीय सहजीकरण समिति:** कार्यक्रमको योजना, समन्वय र अनुगमनका लागि देहाय बमोजिमको समिति रहनेछ:

क) **संयोजक:** गाउँपालिका उपाध्यक्ष

ख) **सदस्य:** कार्यपालिकाले तोकेको सामाजिक विकास समितिको संयोजक

ग) **सदस्य:** गाउँपालिका भित्रका विद्यालयका प्रधानाध्यापक प्रतिनिधि (२ जना - १ महिला अनिवार्य)

घ) **सदस्य:** महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

ङ) **सदस्य:** गाउँपालिका स्वास्थ्य शाखा प्रमुख

च) **सदस्य-सचिव:** शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

**९. समितिको काम, कर्तव्य र अधिकार:**

(क) अभिभावक शिक्षा कार्यक्रमको वार्षिक नीति, योजना तथा बजेट स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने।
(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्देशिका, तालिम पुस्तिका र सामाग्री स्वीकृति गर्ने।

(ग) वडा तथा विद्यालय स्तरमा कार्यक्रम सञ्चालनको अनुगमन र मूल्याङ्कन गर्ने।

(घ) साझेदार संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

**१०. वडा/विद्यालय स्तरीय कार्यान्वयन टोली:** वडा स्तरमा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्य, बालविकास सहजकर्ता, स्वास्थ्य स्वयंसेविका र विद्यालयका प्रधानाध्यापक समावेश भएको ५ सदस्यीय टोली गठन गरिनेछ।

## परिच्छेद – ५: सहजकर्ताको चयन, परिचालन तथा क्षमता विकास

**११. सहजकर्ताको चयन:**

(१) अभिभावक शिक्षा कक्षा सञ्चालनका लागि स्थानीय तहका बालविकास (ECED) शिक्षक, प्राथमिक तहका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, वा स्थानीय शिक्षित युवालाई सहजकर्ताका रूपमा छनोट गरिनेछ।

(२) छनोट गर्दा स्थानीय भाषा, संस्कृति र समुदायसँग नजिक भई काम गर्न सक्ने व्यक्तिलाई प्राथमिकता दिइनेछ।

**१२. क्षमता विकास तथा तालिम:**

(१) छानिएका सहजकर्ताहरूलाई गाउँपालिकाले कम्तीमा ३ देखि ५ दिनको **अभिभावक शिक्षा सहजीकरण तालिम** प्रदान गर्नेछ।

(२) सहजकर्ताहरूलाई समय-समयमा पुनर्ताजगी (Refresher) तालिम तथा समीक्षा बैठक आयोजना गरिनेछ।

**१३. सहजकर्ताको काम र कर्तव्य:**

(क) तोकिएको समय, स्थान र तालिका अनुसार अभिभावक शिक्षा सत्र सञ्चालन गर्ने।

(ख) अभिभावकहरूको उपस्थिति विवरण र सञ्चालित सत्रको अभिलेख राख्ने।

(ग) व्यवहार परिवर्तनका लागि अभिभावकहरूलाई व्यावहारिक अभ्यास र गृहकार्य दिने।

(घ) जटिल वा विशेष केसहरू (जस्तै: कडा बाल कुपोषण, हिंसा) देखिएमा सम्बन्धित निकायमा सिफारिश गर्ने।

## परिच्छेद – ६: आर्थिक व्यवस्थापन तथा स्रोत परिचालन

**१४. बजेटको व्यवस्था:**

(१) यो कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमबाट व्यहोरिनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार, तथा बाल अधिकार र शिक्षाका क्षेत्रमा कार्यरत गैरसरकारी संघ-संस्थाहरूसँगको सहकार्य र स्रोत साझेदारीमा समेत बजेट परिचालन गर्न सकिनेछ।

**१५. खर्चको मापदण्ड:**

(१) सहजकर्तालाई सत्र सञ्चालन गरे बापत कार्यपालिकाले तोके बमोजिमको **सत्र भत्ता** प्रदान गरिनेछ।

(२) तालिम सामाग्री, खाजा, र अनुगमन खर्च गाउँपालिकाको प्रचलित आर्थिक नियम अनुसार हुनेछ।

## परिच्छेद – ७: अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**१६. अनुगमन र सुपरिवेक्षण:** (१) शिक्षा, युवा तथा खेलकुद शाखाले नियमित रूपमा अभिभावक शिक्षा कक्षाको भौतिक तथा गुणात्मक अनुगमन गर्नेछ।

(२) गाउँपालिका स्तरीय सहजीकरण समितिले कम्तीमा वर्षको दुई पटक स्थलगत अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ।

**१७. प्रतिवेदन तथा समीक्षा:**

(१) सहजकर्ताले प्रत्येक महिनाको अन्त्यमा वडा/शाखामा कार्य प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) गाउँपालिकाले वार्षिक रूपमा अभिभावक शिक्षा कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन (Impact Assessment) र वार्षिक समीक्षा गोष्ठी आयोजना गर्नेछ।

## परिच्छेद – ८: विविध

**१८. साझेदारी र सहकार्य:** गाउँपालिकाले सङ्घीय वा प्रदेशस्तरीय मन्त्रालय, UNICEF, वा अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समझदारी (MoU) गरी कार्यक्रम विस्तार गर्न सक्नेछ।

**१९. बाधा अडकाउ फुकाउने:** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै दुविधा वा बाधा अड्चन उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम र सर्वमान्य हुनेछ।

**२०. संशोधन:** यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको बहुमतबाट संशोधन गर्न सकिनेछ।

**अनुसूची – १: अभिभावक शिक्षा सत्र तालिका (नमूना)**

| सत्र संख्या | मुख्य विषयवस्तु | प्रमुख उप-विषय | समय अवधि |
|---|---|---|---|
| **सत्र १** | बाल विकास र हाम्रो भूमिका | बाल मस्तिष्कको विकास, अभिभावकको दायित्व | २ घण्टा |
| **सत्र २** | पोषण र स्वास्थ्य | स्थानीय खानाको महत्त्व, सरसफाइ, खोप | २ घण्टा |
| **सत्र ३** | सकारात्मक अनुशासन | गाली/पिटाइ बिनाको सिकाउने तरिका | २ घण्टा |
| **सत्र ४** | खेल र सिकाइ | घरमै उपलब्ध सामाग्रीबाट खेल र सिकाइ | २ घण्टा |
| **सत्र ५** | बाल संरक्षण र सुरक्षा | गुड टच/ब्याड टच, बालविवाह, मोबाइलको सही प्रयोग | २ घण्टा |

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत